# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक





२०७४ वैशाख ३१


वर्ष ९ अङ्क ३१ पूर्णाङ्क ४२० | आइतवार, वैशाख ०३, २०७४ | April 16, 2017, Sunday | पृष्ठसङ्ख्या ६+१० | मूल्य रु. १०/-


# सहज बन्दै मुस्ताङ यात्रा

■ सन्तोष गौतम/नवविकल्प

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङ जोड्ने बेनी-जोमसोम सडकको यात्रा सहज बन्दै गएको छ ।

स्थानीय यातायात व्यवसायीको एकाधिकार तोडीनु, आलोपालो प्रथा खुकुलो भई व्यवसायीबीच प्रतिस्पर्धा हुन थालेपछि मुस्ताङको यात्रा सहज बन्न थालेको हो । देशका विभिन्न ठाउँबाट जोमसोमका लागि बस तथा जिप सेवा सुरु भएको छ भने स्थानीय व्यवसायीले समेत सेवा, सुबिधा थप गर्न थालेका छन् ।

बाहिरी जिल्लाबाट आएका सवारी साधनलाई हुने अवरोधसंगै स्थानीय व्यवसायीका सिमीत संख्याका गाडी चढ्नुपर्ने र गाडी परिवर्तन गर्नुपर्ने बाध्यता हटेको छ । २६ सिट भन्दा कम सिट क्षमता भएका सार्वजनिक, निजी र पर्यटक गाडी निर्वाध रूपमा आवत जावत गर्न थालेपछि यात्रुलाई सहज भएको हो ।

सहज यातायात सुबिधासंगै मुस्ताङमा आन्तरिक पर्यटक र तिर्थयात्रीको आगमन बढेको छ । रिजर्भ गाडी लिएर सिधै जोमसोम पुगेका बिराटनगरका मित्रलाल शर्माले एकाधिकार तोडीएपछि मुस्ताङ यात्रा सहज भएको बताउनुभयो ।



*मुस्ताङको जोमसोम-मुक्तिनाथ सडकको कागबेनी खण्डमा गाडी रोकेर हिमशृङखलालाई पृष्ठभुमिमा पारेर तस्विर खिचाउँदै आन्तरिक पर्यटकहरु । तस्विर नवविकल्प*

"दुई वर्ष पहिले रिजर्भ गरेर ल्याएको गाडी बेनीमै राखेर स्थानीय व्यवसायीको गाडी चढेर मुस्ताङ गएका थियौं" शर्माले भन्नुभयो "अहिले आफ्नै गाडीमा सिधै जोमसोम पुग्दा धेरै सजिलो भयो ।"

७६ किलोमिटर दुरीको यो सडकमा गत वर्षसम्म अन्य ठाउँबाट आउने सार्वजनिक सवारी साधनलाई स्थानीय व्यवसायीले अवरोध गर्दै आएका थिए । यसअघि बेनी र जोमसोमबाट दैनिक ४२४ वटा गाडी सिधा छुटाउने गरेका थिए । म्याग्दी र मुस्ताङको सिमा क्षेत्र घाँसामा पुगेपछि गाडी परिवर्तन गर्नुपर्ने बाध्यता थियो ।

अहिले घाँसाको काउन्टर हटाएर बेनी र जोमसोमबाट आवश्यकता अनुसार सिधै गाडी छुटाउने गरिएको म्याग्दी जिप तथा बस व्यवसायी समितिका सचिव सुमन श्रेष्ठले बताउनुभयो । "प्रतिस्पर्धासंगै यात्रुलाई सहज रूपमा सुबिधा दिइरहेका छौं" श्रेष्ठले भन्नुभयो " मुक्तिनाथसम्मै एउटै गाडीमा पुग्न सकिने सुबिधा दिएका छौं । कुनै अवरोध छैन् ।"

म्याग्दी, मुस्ताङ, पृथ्वी, धौलागिरी, घोडाघोडी समितिले सहकार्य गरेर देशका विभिन्न ठाउँबाट सिधै मुस्ताङसम्म बस सेवा सुरु

***बाँकी पृष्ठ १५ मा***

## यसभित्र...


- म्याग्दीमा निर्वाचन सुरक्षाका लागि मोटरसाइकल गस्ती
- मतदाता शिक्षा स्वमसेवक परिचालन
- राप्रपाको चुनावी गतिविधि
- माओवादी केन्द्र धौलागिरीको सम्मेलन
- गाउँमा चुनावी चहलपहल

*स्थानीय तह निर्वाचन विशेष समाचार पृष्ठ ३ मा*

- रुप्से झरना र अन्धगल्छी पर्यटकीय गन्तब्यको रुपमा विकसित
- "बोयर" बाख्राप्रति कृषकको आर्कषण

*आर्थिक समाचार पृष्ठ ६ मा*

बहराईनमा रहेका म्याग्देली परोपकारी मनकारीबाट शान्ति कोषलाई ११ लाख आर्थिक सहयोग

*विस्तृत विवरण पृष्ठ ८ मा*

उपाध्यक्ष श्रेष्ठलाई जिल्लामा सम्मान



*समाचार पृष्ठ १२ मा*

मुस्ताङको प्रचार गर्न गीत

*विस्तृत समाचार अन्तिम पृष्ठमा*




## सूचना

- तपाईको जीवन लागु पदार्थको अधिनमा छ ? हाम्रो जीवन र समुदायलाई लागु पदार्थबाट टाढै राखौं ।
- हाम्रो चाहना: दुर्व्यसनरहित स्वस्थ र सुखी जीवनको कामना ।
- लागु पदार्थको साटो- स्वस्थ जीवनको बाटो ।
- लागु औषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य विग्रन्छ । यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहने प्रयत्न गरौं ।
- लागु पदार्थ रहित स्वस्थ समुदायका लागि विश्वव्यापी अभियान ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग


oxfx?nf0 hfgsf/L 5 Û

शैक्षिक सत्र २०७४ का लागि बेनीबजार स्थित सम्पूर्ण वोडिङ स्कुलका पाठ्यपुस्तकहरु सुलभ तरिकाले पाइने एकमात्र स्थान –

कालिगण्डकी छापाखाना तथा गौतम फोटोकपी एवम् स्टेशनरी सप्लायर्स

(जीवन सुनचाँदीको अगाडि) न्यूरोड बेनीबजार म्याग्दी फोन नं ०६९५२०४७३, ९८५७६४००००

STUDY & WORK IN JAPAN

Admission Open .........

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preparation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in Japan for more detail visit us............

S. Raj Language Institute (P) Ltd.

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।



प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्राबेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

शर्मा डेस्कटप, बेनी

डिजाइन सम्बन्धी कामका लागि सम्झनुहोस्...

मो.नं. ९८५७६२१५६०

5f6s/L

## जयन्ती माविलाई १२ लाख सहयोग

■ नवविकल्प

बेनी नगरपालिका–३ भकिम्लीमा रहेका जयन्ती मावीको कक्षा कोठा भवन निर्माणका लागि अमेरीकाबाट १२ लाख रूपैयाँ भन्दा बढी आर्थिक सहयोग प्राप्त भएको छ । अमेरीकामा रहेका भकिम्लीका बासिन्दाहरूले संकलन गरेर पठाएको १२ लाख १२ हजार २०० रूपैया शनिबार विद्यालयमा आयोजित कार्यक्रममा हस्तान्तरण गरिएको छ । अमेरीकामा रहेका याम पुनको संयोजनमा १३ जनाले सो रकम संकलन गरेर पठाएका हुन् ।

स्थानीय स्तरबाट सहयोग संकलन गरेर तिन करोडको लागतमा तिस कोठे पक्कि भवन निर्माण कार्य अघि बढाइएको छ । पहिलो चरणमा दश कोठे भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । हालसम्म ७६ लाख खर्च भएकोमा बिस लाख रूपैयाँ ऋण रहेको छ । सहयोगदाताका अभिभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पदम पुन र प्रअ रामबहादुर पुनलाई रकम हस्तान्तरण गर्नुभएको थियो ।

अध्यक्ष पुनको अध्यक्षता, शिक्षक भोजबहादुर जिसीको सञ्चालन, विब्यस अध्यक्ष पदम पुनको सभापतित्व र जंगबहादुर श्रीसको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्ला शिक्षा कार्यालयका स्रोत ब्यक्ति दुर्गाराम सुवेदी, गाँजा फाउण्डेशनका पुस्तकालय कार्यक्रम संयोजक हरिकृष्ण गौतम, स्थानीय अगुवा पूर्ण पुनले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

## प्रोत्साहन रकमले विद्यार्थीको नियमितता

■ नवविकल्प

बेनी नगरपालिका ८ गलेश्वरमा रहेको जडभरत प्राथमिक विद्यालयमा अतिरित्त प्रोत्साहन रकमको ब्यवस्था गरिएपछि विद्यार्थी नियमित उपस्थित हुन थालेका छन् । विद्यार्थीलाई नगद सहितको सुविधा थप गरिएपछि विद्यार्थी संख्या समेत बढेको छ । नियमति विद्यालय आउने, विद्यालयका गतिविधिमा संलग्न हुने, हाजिर गर्ने लगाएतका शैक्षिक गतिविधिमा सक्रिय बनाउन प्रति विद्यार्थी मासिक २ सय रूपैयाँ सहित स्टेशनरी साम्रागी समेत उपलब्ध गराउने गरीएको छ ।

अतिरीत्त सुबिधाले शैक्षिक गुणस्तर बढ्नुका साथै अभिभावकको सक्रियता समेत बढेको विद्यालयका शिक्षक लोकेन्द्र बहादुर खड्काले बताउनुभयो । दुई वर्ष पहिला २० जना रहेको विद्यार्थी संख्या अहिले ४८ जना पुगेको छ । अंग्रेजी माध्यमबाट अध्यापन हुने विद्यालयका विद्यार्थीको सदरदर सिकाई उपलब्धि ६० प्रतिशत भन्दा बढी छ भने हाँजीरी सत प्रतिशत पुगेको छ ।

प्रोत्साहन रकम र अतिरीत्त सुबिधाले विद्यार्थीमा सिकाई उपलब्धी सुधारमा सहयोग पुगेको छ । बेलायतको सक्सेस हाउस स्कुलमा कार्यरत रघुगंगा गाउँपालीका ४ भिँका खिम शेरचनको पहलमा वि.स २०७२मा स्थापीत बिस लाख रूपैयाको अक्षयकोषबाट नियमित हाँजीर हुने विद्यार्थीलाई वार्षिक दुई हजार ४०० रूपैया प्रोत्साहन रकम उपलब्ध गराउने ब्यवस्था मिलाइएको छ । कक्षा ५ सम्मको पठनपाठन हुने विद्यालयमा अधिकांश विद्यार्थी गरीब तथा विपन्न समुदायका छन् । जिल्ला शिक्षा कार्यालय मार्फत आधारभुत तहका दलित र छात्रा विद्यार्थीलाई दिने ४ सय रूपैयाँ विद्यालयले सबै विद्यार्थीलाई दिने गरिएको छ ।

## विद्यालय बाहिर रहेका बालबालिका खोजी सुरु

■ नवविकल्प

जिल्ला शिक्षा कार्यालय म्याग्दीले विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाको खोजी सुरू गरेको छ ।

विद्यालय उमेर समूहका सबै बालबालिकालाई आधारभुत शिक्षाको पहुँचमा ल्याउन बाहिर रहेका बालबालिकाको पहिचान गर्न थालीएको कार्यालयमा बिहीबार आयोजित पत्रकार भेटघाटमा जानकारी गराइएको हो ।

नयाँ शैक्षिक सत्र २०७४ को सुरूवातमा भर्ना अभियानसंगै प्रत्येक विद्यालय मार्फत सेवा क्षेत्रमा विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाको विवरण संकलन गर्न लागिएको कार्यालयका शाखा अधिकृत दलबहादुर थापाले जानकारी दिनुभयो । अपाङ्गताका कारण शिक्षाको पहुँच बाहिर रहेका बालबालिकालाई पहिचान गरेर स्रोत कक्षामा भर्ना गरी अध्ययन गर्ने ब्यवस्था मिलाउने शिक्षा कार्यालयले जनाएको छ । मौवाफाँटको ज्ञानोदय माविमा दृष्टिबिहीन, सिंगाको धौलागिरी माविमा सुस्तश्रवण र बगुवाखोलाको बालजागृती आधारभुत विद्यालयमा वौद्धिक अपाङ्गता स्रोत कक्षा सञ्चालन भएको छ ।

विद्यालय बाहिर रहेका पूर्व प्राथमिक र विद्यालय जाने उमेर समूहका बालबालिकाको वैयत्तीक विवरण सम्बन्धि घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरू एकिन गरी विद्यालय भर्ना गराउने शिक्षा कार्यालयले जनाएको छ । बैशाख २ गतेदेखि सुरू हुने यस वर्षको भर्ना अभियान अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन केन्द्रित हुने विद्यालय निरिक्षक विश्वप्रकाश रेग्मीले बताउनुभयो । पहिलो चरणमा २ देखि १४ गतेसम्म भर्ना हुने विद्यार्थीलाई पुस्तक सहित स्वागत, १५ देखि ३० गतेसम्म घरदैलो गरेर भर्ना गराउने कार्यतालीका रहेको छ ।

तथ्याङ्क अनुसार म्याग्दीमा १–५ तहका ५ प्रतिशत विद्यालय बाहिर रहेका छन् । यसैगरी १, ५ र ८ मा कक्षा छाड्ने दर क्रमश ५.५, ३.२ र ४.८ प्रतिशत छ । भर्नासंगै विद्यालय छाड्ने दर घटाउने योजनालाई प्राथमिकता दिएको विद्यालय निरीक्षक रेग्मीले बताउनुभयो ।


**सूचना ! सूचना !! सूचना !!!**

विगत लामो समय देखी यहाँहरुको माझमा सेवा गर्दै आएको ताजा चाउमिनको मूल्यका साथै तौलमा वृद्धि भएको समस्त ग्राहक महानुभावहरुमा जानकारी गराउँदछौ । प्रतिकिलो चाउमिनको मूल्य ७५ रुपैयाँ कायम भएको जानकारी गराउँदछौ ।

**जाल्पा चाउमिन उद्योग-बेनपा ६, म्याग्दी**
**कालीगण्डकी चाउचाउ उद्योग-मिलनचोक, पर्वत**


## सातका तस्वीर

सन्तोष गौतम





बेगखोला–बादुक जोड्ने पुल : म्याग्दीको रघुगंगा गाउँपालिका १ बेगखोला माथि बेग र बादुक गाउँ जोड्ने ३६५.८ मिटर लम्बाई भएको झोलुङ्गे पुलको बेगखोलातर्फको ब्लकमा काम गर्दै कामदार । यो पुल एलएसटीबी सिङ्गल स्पाम प्रबिधिमा नेपालकै लामो हुने जिल्ला समन्वय समितिले जनाएको छ ।



कृषि प्रबिधि : मंगला गाउँपालिका १ कुहुँका कृषकहरुलाई कृतीम तरिकाले रानी मौरीको विकास गर्ने प्रबिधि सिकाउदै मौरी विकास शाखा गोदावारीका प्राबिधिक । म्याग्दीमा पहिलो पटक कृतीम तरिकाले रानी मौरीको विकास गर्ने प्रबिधि भित्रीएको छ ।



परिश्रमी जनता : रघुगंगा गाउँपालिका १ बेगको औलाका बासिन्दाहरु खानेपानी आयोजनाको वितरण पाईपलाईन निर्माणका लागि श्रमदान गर्दै । खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय म्याग्दीको सहयोगमा बृहत बेगखोला खानेपानी तथा सरसफाई निर्माणाधिन अवस्थामा रहेको छ ।




# म्याग्दीमा निर्वाचन सुरक्षाका लागि मोटरसाइकल गस्ती

■ नवविकल्प

आसन्न बैशाख ३१ को स्थानीय तह निर्वाचन नजिकिदै जाँदा जिल्लामा प्रहरीले सुरक्षा ब्यवस्था सुदृढ बनाउन लागेको छ । निर्वाचनलाई लक्षित गरेर जिल्लामा शान्ति सुरक्षा कायम गर्न प्रहरी जुटेको छ ।



स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै जिल्ला प्रहरी कार्यालय म्याग्दीले विहिवारबाट जिल्लामा मोटरसाइकल गस्ती सुरु गरेको हो ।

राजनीतिक दल तथा जनता चुनावको लागि जुटेसँगै सुरक्षालाई मध्यनजर गरी सात वटा मोटरसाइकलमा गस्ती सुरू गरिएको प्रहरी नायव उपरिक्षक बशुन्धरा खड्काले जानकारी दिनुभयो । प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको मोटरसाइकलबाट सडक यातायात पुगेका ग्रामिण क्षेत्रहरूमा तत्काल पुग्न सहयोग पुग्ने उहाँले बताउनुभयो । सुरक्षाका हिसावले संवेदनशिल क्षेत्रहरूमा मोटरसाइकलबाट गस्ती गरिने प्रनाउ खड्काले बताउनुभयो । निर्वाचनका समयमा हुने अवान्छीत गतिविधिहरूलाई तत्काल नियन्त्रण गर्न सहयोग पुगोस भनेर यसपाली प्रधान कार्यालयले थप ४ वटा मोटरसाइकल उपलब्ध गराएको उहाँले बताउनुभयो ।

निर्वाचनलाई सफल पार्नका लागि सुरक्षा ब्यवस्था सुदृढ पार्न कुनै कसर वाँकी नराखिएको प्रनाउ खड्को भनाइ थियो ।

मोटरसाइकलका साथै हाल उपलब्ध प्रहरीको गाडीबाट पनि जिल्लाभर गस्ती सुरू गरिएको छ । अप्ठ्यारो भूगोलका कारण उपलब्ध साधनले केही स्थानहरूमा पुग्न संभव नहुने भएकाले थप साधनको माग गरिएको उहाँले बताउनुभयो । साथै निर्वाचनका समय नेकपा (विप्लव) बाट हुन सक्ने निर्वाचन विरोधी क्रियाकलापका वारेमा पनि प्रहरी सचेत रहेको उहाँको भनाई थियो ।

# मतदाता शिक्षा स्वमसेवक परिचालन

■ नवविकल्प

म्याग्दीका मतदातालाई स्थानीय तह चुनावमा मतदान गर्ने तरीका सिकाउनका लागि १०१ जना स्वमसेवक परिचालन भएका छन् ।

जिल्ला निर्वाचन कार्यालय म्याग्दीले बदर मतको दरलाई कम गर्न प्रत्येक मतदान केन्द्रमा एक जनाका दरले निर्वाचन तथा मतदाता शिक्षा स्वमसेवक परिचालन गरेको हो ।

दुई दिनका दरले पाँच समूहमा सबै स्वमसेवकहरूलाई तालीम प्रदान गरेर नियुक्त गरी प्रचार सामाग्री सहित गाउँ गाउँमा खटाइएको जिल्ला निर्वाचन अधिकारी केदारनाथ पौडेलले जानकारी दिनुभयो ।

चैत २४ गते देखि सुरू भएको निर्वाचन तथा मतदाता शिक्षा स्वमसेवक तालीम शनिबार सकीएको छ । सामाजिक परिचालक, महिला स्वास्थ्य स्वमसेवीका र बालविकास सहयोगी कार्यकर्ताहरूलाई तालीम दिइएको हो ।

तालीम समापन कार्यक्रममा निर्वाचन अधिकारी पौडेलले वडा, बस्ती तहमा सरोकारवालाहरूलाई स्थानीय तह निर्वाचनको महत्व, निर्वाचन आचार संहिता र बदर नहुने गरी मतदान गर्ने तरीकाको बारेमा जानकारी गराउन निर्देशन दिनुभयो ।

कार्यालयका नायव सुब्बा बलबहादुर खत्रीले सञ्चालन गर्नुभएको कार्यक्रममा तालीममा सहभागि भगवतीकी सामाजिक परिचालक माया शर्माले आयोगको मर्यादालाई पालना गरेर ऐतिहाँसीक जिम्मेवारी पुरा गर्ने प्रतिवद्धता जनाउनुभयो । स्वमसेवकहरू नमुना मतपत्र सहित सबै टोल बस्ती र मतदाताको घरदैलोमा पुग्ने कार्यक्रम छ ।

तालीमको जिल्ला शिक्षा कार्यालयका स्रोत ब्यक्ति कृष्णलाल सापकोटा, जिल्ला समन्वय समितिका एलजिसीडिपी कार्यक्रम अधिकृत प्रकाश रेग्मी र प्रकाश माविका शिक्षीका सरला सुवेदीले सहजिकरण गर्नुभएको थियो ।

जिल्ला निर्वाचन कार्यालय र सुरक्षा निकायले बैशाख ३१ गते हुने स्थानीय तह निर्वाचनको तयारी तिब्र पारेका छन् ।

# राप्रपाको चुनावी गतिविधि

■ नवविकल्प

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को शनिबार बेनी नगरपालीका ५ पुलाचौरमा अर्जुन बहादुर बानियाको अध्यक्षतामा १७ सदस्यीय वडा कार्यसमिति गठन भएको छ ।

उपाध्यक्षमा श्यामप्रसाद श्रेष्ठ, सचिवमा मोहनप्रसाद शर्मा र कोषाध्यक्षमा टिकाकुमारी कार्की रहनुभएको छ । सदस्यहरूमा दलकेशर बानिया, रूपनारायण श्रेष्ठ, लिला छिनेल परियार, बिरबहादुर बानिया, भिमबहादुर बानिया, नारायण बानिया, रमेश परियार, गंगा परियार, कोपीला परियार, दिपेन्द्र कार्की, विष्णु थापा, प्रेमदत्त शर्मा र रामबहादुर बानिया रहनुभएको छ ।

अर्जुन बानियाको सभापतित्व, पार्टी सचिव दलकेशर बानियाको सञ्चालन र श्याम श्रेष्ठको स्वागतमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि राप्रपाका केन्द्रिय सदस्य, धौलागिरी ईञ्चार्ज तथा पुर्व राज्यमन्त्री भिमप्रसाद गौचनले स्थायी शान्ति र दिगो विकासका लागि स्थानीय तहको निर्वाचनमा राप्रपालाई बिजयी गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा राप्रपा म्याग्दीका निवर्तमान अध्यक्ष एवं केन्द्रिय



सदस्य एकेन्द्र रावल, जिल्ला अध्यक्ष बिरबहादुर थापा क्षेत्री, पार्टी प्रवक्ता हरिप्रसाद शर्मा, बेनी नगर समितिका अध्यक्ष हरी शाक्य र किसान संगठनका जिल्ला अध्यक्ष तोपबहादुर केसीले मन्तब्य ब्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा विभिन्न पार्टीबाट राप्रपामा प्रवेश गरेका २५ जनालाई स्वागत गरिएको राप्रपा म्याग्दीले जनाएको छ ।

यसैगरी बेनी नगरपालीका २ ज्यामरूककोटमा बिहीबार राप्रपाको नयाँ स्थानीय तहको संरचना अनुसारको वडा कार्यसमिति गठन भएको छ । साविक २ र ३ नम्बर वडा कार्यसमितिलाई समायोजन गरेर कृष्णबहादुर सुवेदीको अध्यक्षतामा गठन भएको १८ सदस्यीय नयाँ कार्य समितिको उपाध्यक्षमा जितबहादुर थापा, ममता बिक, सचिवमा अशोक घिमीरे र कोषाध्यक्षमा भगवती सुवेदी रहनुभएको छ । सदस्यहरूमा छवीलाल शर्मा, हिमबहादुर सुनार, हरिप्रसाद शर्मा, निलकण्ठ शर्मा, कृष्णबहादुर किसान, प्रेमबहादुर कार्की, कर्णबहादुर खड्का, प्रेमबहादुर सापकोटा, हिराबहादुर घिमीरे, चन्द्रबहादुर कुँवर, माया दर्जी, दिलबहादुर घिमीरे र गणेशबहादुर कार्की रहनुभएको राप्रपा म्याग्दीले जनाएको छ ।

# माओवादी केन्द्र धौलागिरीको सम्मेलन

■ नवविकल्प

नेकपा माओवादी केन्द्रको धौलागिरी गाउँपालिकाको बुधबार सम्पन्न प्रथम सम्मेलनबाट यामन रोकाको अध्यक्षतामा ३५ सदस्यीय गाउँपालीका कमिटी निर्वाचित भएको छ । कमिटिको उपाध्यक्षमा गौमाया बिक, सचिवमा झकबहादुर छन्त्याल, कोषाध्यक्षमा रिमप्रकाश थापा र सहसचिवमा किरन थापा रहनुभएको छ । सदस्यहरूमा देवबहादुर थापा, रामबहादुर केसी, फुलबहादुर बिक, केशरबहादुर पुजा, यामबहादुर भण्डारी, कृष्ण केसी, चिन्तामणी सुवेदी, राजु हर्मेल, खमबहादुर थापा, भेषक पौडेल, थरेन्द्र रोका, लक्ष्मी केसी लगायत रहुनभएको छ ।

नेकपा माओवादी केन्द्रका केन्द्रिय सम्मेलन आयोजन समिति सदस्य देवराज सुवेदीको अध्यक्षता, किरन थापाको सञ्चालन र भेषनाथ गौतमको स्वागतमा सम्पन्न कार्यक्रममा जिल्ला ईञ्चार्ज मानबहादुर बुढाले संबिधानमा भएको उपलब्धिको रक्षा, संबिधानको कार्यान्वयन, दिगो विकास र आर्थिक सम्बृद्धीका लागि आगामी स्थानीय तहको निर्वाचनमा माओवादीको जित आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा खुमनाथ सुवेदी, रिमप्रकाश थापा, खमबहादुर थापा, झकबहादुर छन्त्याल, फुलबहादुर बिक लगायतले मन्तब्य ब्यक्त गर्नुभएको थियो । यसैगरी म्याग्दीको मालीका गाउँपालीका ४ ओखरबोटको खवाङ सिस्नेरीमा बुधबार नेकपा माओवादी केन्द्रको चुनावी सभा सम्पन्न भएको छ ।

नेकपा माओवादी केन्द्रको मालीका गाउँकमिटीका अध्यक्ष कमल केसीको सभापतित्वमा सम्पन्न सभामा पोलीट ब्युरो सदस्य एवं जिल्ला संयोजक गोविन्द पौडेलले माओवादीले जनयुद्धमा उठाएको गणतन्त्र, समावेशी, संघीय, धर्मनिरपेक्षता जस्ता मुद्दा संबिधान मार्फत स्थापित भएको र सिंहदरबारको अधिकार गाउँमा आएको बताउनुभयो ।

माओवादी केन्द्र नेतृत्वको वर्तमान सरकारले म्याग्दीका पूर्वाधार योजनाहरूका लागि प्राथमिकताका साथ बजेट बिनियोजन गरेको बताउँदै पौडेलले संबिधानको कार्यान्वयन, तिब्र आर्थिक, पुर्वाधार विकास र समतामुलक समाज निर्माणका लागि आगामी स्थानीय तहको निर्वाचनमा माओवादीलाई जिताउन आग्रह गर्नुभयो । सो कार्यक्रममा दिलीप शेरचन, ज्ञानबहादुर घर्ती लगायत विभिन्न पार्टी परित्याग गरि माओवादी केन्द्रमा प्रवेश गरेका डेढ सय जनालाई स्वागत र पार्टी सदस्यता वितरण गरिएको थियो । ओखरबोटमा दिलीप शेरचनको नेतृत्वमा १०५ सदस्यीय वडा स्तरीय चुनाव प्रचारप्रसार समिति गठन भएको छ । कार्यक्रममा प्रचारप्रसार समितिका संयोजक शेरचन, लालमन रसाईली, मानबहादुर बुढाथोकी, वाईसीएलका कृष्ण फगामी र रेशम पुनले मन्तब्य ब्यक्त गर्नुभएको थियो । बालकुमार सेञ्चुरीको स्वागत र दलबहादुर खड्काथोकीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

यस्तै मंगला गाउँपालिका १ कुहुँमा सम्पन्न नेकपा माओवादी केन्द्रको वडा सम्मेलनबाट दिलबहादुर किसानको अध्यक्षतामा वडा कमिटी गठन भएको छ । कमिटिको उपाध्यक्षमा केशव पुन, सचिवमा पृथीलाल बिक, सहसचिवमा बलबहादुर पुन र कोषाध्यक्षमा इनदेवी जुक्जाली रहनुभएको छ । सदस्यहरूमा वर्णसिङ पुन, लालमाया श्रीपाली, खिमकुमारी जुक्जाली, माया परियार, गिता केसी, हिराबहादुर बिक, गिरू परियार, टेकमान श्रीपाली, बमबहादुर शेरपुञ्जा, नवीन किसान, जसबहादुर किसान र प्रकृती बस्याल रहनुभएको छ ।

सोही सम्मेलनले दलित, युवा, जनजाती, महिला, शिक्षक र विद्यार्थी बिभाग समेत गठन गरेको छ । सम्मेलनमा नेकपा माओवादी केन्द्रका नेता देवराज सुवेदी, गाउँपालीकाका अध्यक्ष चन्द्रप्रसाद बुढाथोकीले माओवादीले जनयुद्धमा उठाएका अधिकांश एजेण्डा संबिधान मार्फत स्थापित भई सिंहदरबारको अधिकार, सेवा र सुविधा गाउँमा आईपुगेकाले संबिधानको कार्यान्वयन, विकास र सम्बृद्धीका लागि स्थानीय तहको निर्वाचनमा माओवादीलाई जिताउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा एकिकृत अखिल नेपाल शिक्षक संगठनका जिल्ला सचिव हुमनाथ पाण्डे, माओवादी केन्द्र म्याग्दीका सल्लाहकार यामकुमारी पुन, खड्गबहादुर पुर्जा, गाउँपालीका कोषाध्यक्ष मनबहादुर मगर, अखिल क्रान्तिकारीका जिल्ला उपाध्यक्ष यामनाथ पौडेल, वाईसीएलका पृथीलाल बिकले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

# गाउँमा चुनावी चहलपहल

■ नवविकल्प

राजनीति दलहरूले स्थानीय तह निर्वाचनलाई लक्षित गतिबिधीलाई तिब्रता दिएसंगै म्याग्दीका ग्रामिण क्षेत्रमा चुनावी चहलपहल बढेको छ ।

उमेद्वार छनौटको तयारीसंगै भेला, प्रशिक्षण, जनभेटघाट, घरदैलो र प्रचारप्रसारलाई तिब्रता दिएका छन् । गाउँमा राजनीतिक गतिबिधीसंगै चुनावी सरगर्मी बढेको छ । राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई प्रशिक्षणसंगै अन्य पार्टीबाट प्रवेश गराउने होडबाजी चलेको छ ।

नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाले वडा तथा बस्ती तहमा चुनाव केन्द्रित अभियान सञ्चालन गरेका छन् । वडा तहका उमेद्वारको नामावली र स्थानीय तहका उमेद्वारको सिफारिस संकलनको काम तिब्र बनाएका छन् ।

उमेद्वार छनौटका लागि चार वटा गाउँपालिका र एउटा नगरपालिकामा राजनीतिक दलका नेताहरू परिचालन भएका छन् । केन्द्रको बिवाद रहेकाले रघुगंगा गाउँपालिकामा भने राजनीतिक गतिबीधीले तिब्रता पाउन सकेको छैन् । वडा स्तरको जिल्ला र गाउँ तथा नगरपालिकाको उमेद्वार प्रदेश तथा केन्द्रिय समितिले टुङ्गो लगाउने दलहरूको कार्यबिधी छ ।

अधिकांश स्थानीय तह र वडामा कसलाई उमेद्वार बनाउने भन्ने विषयमा दलहरू आन्तरिक छलफलमै ब्यस्त छन् । नेपाली काँग्रेस म्याग्दीका सचिव हरिकुमार श्रेष्ठले केन्द्रिय समितिले तय गरेको मापदण्डको आधारमा उमेद्वार छनौट गर्ने काम भैरहेको जानकारी दिनुभयो ।

नेकपा एमालेका सचिव बालकृष्ण सुवेदीले वडा स्तरबाट उमेद्वारको सिफारिस आउने क्रम अन्तिम चरणमा पुगेको जानकारी दिदै वडाको जिल्ला र स्थानीय तहको प्रदेश मार्फत उमेद्वार छनौट हुने बताउनुभयो ।

नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक गोविन्द पौडेलले संगठन सुदृढीकरणसंगै वडा स्तरबाट सिफारीस भएका उमेद्वार छनौटका लागि अध्ययन सुरू भएको जानकारी दिनुभयो । राप्रपाले बैशाख पहिलो हप्ताभित्र उमेद्वारको टुङ्गो लगाउने जिल्ला अध्यक्ष बिरबहादुर थापा क्षेत्रीले बताउनुभयो ।

उमेद्वारका आकांक्षीहरूबीच आन्तरिक प्रतिस्पर्धा तिब्र रहेकाले छनौट गर्न नेताहरूलाई सकस भएको छ । दलहरूले समस्या, सम्भावना र समाधानका उपाय सहितको जिल्ला तथा स्थानीय तह अनुसारको घोषणापत्र तयार पार्ने तयारी गरेका छन् । केन्द्रिय र स्थानीय घोषणापत्र सहित मतदाताकहाँ भोट माग्न जाने नेताहरूले बताएका छन् ।

एक नगरपालिका, ५ गाउँपालिका र ४५ वटा वडा रहेको म्याग्दीमा ७१ हजार ४६३ जना मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मतदातालाई मतदान गर्ने तरीका सिकाउन प्रचार सामाग्री सहित मतदाता शिक्षा स्वमसेवक परिचालन गरिएको जिल्ला निर्वाचन अधिकारी केदारनाथ पौडेलले जानकारी दिनुभयो ।

७२ मतदान स्थल रहेको म्याग्दीमा एक सय भन्दा बढी मतदाता केन्द्र रहने कार्यालयले जनाएको छ । निर्वाचनबाट २३७ जना जनप्रतिनिधि निर्वाचित हुने जनाइएको छ ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

**सम्पादकीय ...**

## नव वर्षको शुभकामना

बैशाख १ लाई नव वर्षको रुपमा लिइन्छ । विश्वमै नेपालमा मात्र बैशाख १ लाई नयाँ वर्षका रुपमा मनाउने गरेको पाइन्छ । नव वर्षका अवसरमा एकआपसमा शुभकामना आदान प्रदान गर्ने गरिन्छ । नयाँ वर्ष सँगै मुलुकमा स्थानीय तहको निर्वाचन पनि हुँदैछ । २० वर्ष पछि हुन लागेको निर्वाचनले नागरिकहरुमा उत्साह पैदा गराएको छ । यो अवसर नयाँ संविधान कार्यान्वयनको महत्पूर्ण खुट्किलो हो । जनताले आफ्नो शासन आफै गर्न पाउने यो अवसर २०७४ सालमा आउँदैछ । हामीले निकै आरोह र अवरोहबीच वि.सं. २०७३ साललाई विदा गरेका छौं । दुइवर्ष अघि शक्तिशाली भूकम्पले क्षतविक्षत र ध्वस्त पारेको हाम्रो मनस्थिति एवम् संरचनाले अझै पूर्णता पाउनसकेको छैन । अझै पनि भूकम्प पीडितहरुको जिवन कष्टकर छ । तर यसअवधिमा मुलुकमा केही सकरात्मक कामहरु पनि भएका छन् । वर्षौ देखि अन्धकारमा वस्नु परेका नेपालीहरुलाई लोडसेडिङको अन्त्यले खुसि पैदा गरेको छ । यसका साथै स्वास्थ्यका क्षेत्रमा पनि सकरात्मक परिवर्तनहरु भएका छन् । सरकार परिवर्तनका खेलले मुलुकमा आशा गरे अनुरुपका विकास निर्माणका गतिविधिहरु भने हुन पाएनन् । यद्यपी सालको अन्त्य तिर स्थानीय तहको निर्वाचनको घोषणा सँगै नयाँ संविधान अनुरुप स्थानीय तह कार्यान्वयनमा ल्याइयो । यसले पुन नागरिकहरुमा खुसीको सञ्चार गराएको छ ।

२०७४ सालमा अझै चुनौती छन् । मुलुकमा तिन तहकै निर्वाचन गर्नु छ । राजीतिक खिचतानीका वावजुद तिनै तहको निर्वाचन गरि पूर्णरुपमा मुलुकलाई नयाँ संविधानको कार्यान्वयन तिर लैजान कठिन छ । नयाँ संविधानले परिकल्पना गरेको केन्द्रिय,प्रदेश र स्थानीय तहलाई पूर्णरुपमा सञ्चालनमा ल्याउनु पर्ने गहन जिम्मेवारी राजनीतिक दलहरुको काँधमा छ । नयाँ संविधानप्रती असन्तुष्ट मधेशीवादी दलहरुलाई सहमतिको मार्गमा ल्याउन चुनौती देखिएको छ । उनीहरुलाई सहमतिको मार्गमा नल्याइकन गरिने प्रयासहरु पूर्ण हुनसक्दैनन् । मधेशवादीदलहरुले उठाएका जायज मागहरुलाई सम्बोधन गरि मधेशमा निर्वाचनको वातावरण तयार पार्न सकरात्मक विचार पैदा होस । मधेशवादी दलहरुको विरोधले तिनै तहको निर्वाचन हुन सकेन भने मुलुक फेरी भद्रगोलको खाडलमा पर्न सक्ने संभावना पनि उत्तिकै छ । नयाँ वर्षले ति चुनौतीहरुको सामाना गर्ने शक्ति पैदा होस ।

आशा गरौं २०७४ साल पूर्ण रुपमा नयाँ संविधान कार्यान्वयनको वर्ष हुने छ । मुलुक आर्थिक समृद्धीको दिशा तर्फ उन्मुख हुने छ । राजनीतिक दलहरुमा असहमति हटी सहमति,सहकार्य र एकताको वातावरण तयार हुनेछ । लामो समयको राजनीतिक संक्रमणकालको अन्त्य भइ मुलुक नयाँ मार्गमा अघि वढ्ने छ । तिनै तहको निर्वाचन सम्पन्न हुनसकेमा अवको दश वर्षमा नेपाल विकसित मुलुकहरुको दाँजोमा पुग्ने छ । विश्वमा नै प्रचुर मात्रामा रहेका प्राकृतिक स्रोतसाधनहरुको देश नेपाल हो । हामीले हाम्रा प्राकृतिक स्रोतसाधनहरुको उपयोग गर्न सकेमा कुनै सँग भिख माग्नु पर्ने अवस्था छैन । संघिय लोकतान्त्रीक गणतन्त्रलाई संस्थागत गर्न हामी सफल भयौं भने समृद्ध नेपालको सपना अव टाढा छैन । नयाँ वर्ष २०७४ ले यी सवै संभावनाहरुको ढोका खोल्ने विश्वास हामीले गरौं । आशा गरौं नयाँ नेपाल निर्माणको अभियान २०७४ सालबाट सुरु हुनेछ । नयाँ वर्षको सवैमा हार्दिक शुभकामना ।

# फेरि पनि तोकिएको मितिमा निर्वाचन नहुने नै भो त ?!

... संविधान संशोधनप्रस्ताव तुहिने परम्पराले निरन्तरता पाउने सम्भावना प्रबल छ । मधेस चुनावको विपक्षमा छ । सत्तानेतृत्व गरिरहेको माओवादी केन्द्रमा निर्वाचन गराउने जाँगर छैन । प्रतिपक्ष पनि उत्साहित छैन । तत्कालको निर्वाचनबाट सर्वाधिक लाभ लिनसक्ने स्थितिमा रहेको नेपाली काँग्रेस आफै कुहिरोको काग बनेको वर्तमान परिस्थतिमा तोकिएको मितिमा निर्वाचन होला भनेर पत्याउन सकिदैन ।



- **चन्द्रप्रकाश बानियाँ**

स्थानीय तहको निर्वाचनको घोषित मिति नजिकिदैं गर्दा भूईतहका राजनीतिक कार्यकर्ताहरूको सक्रियता बढेको छ । ठूला पार्टीका बढे नेताहरू "निर्वाचन हुन्छ" भनेर समवेत स्वरमा भाका मिलाईरहेका छन् । संविधान घोषणा भएको दुई वर्ष बितिसक्दा पनि निर्वाचन हुन सकेको छैन र निर्वाचनको वाधक तत्व आज पनि यथावत छ । चुनाव रोकेको मधेसले हो । मधेसको असन्तुष्टि सम्बोधन हुन नसक्नाले चुनाव हुन नसकेको हो । जति ठूलो स्वरमा निर्वाचनको हल्ला खल्ला चलिरहेको भए पनि मधेसले अझै चित्त बुझाएको छैन ।

त्यसैले स्थानीय तहको निर्वाचन तोकिएको मितिमैं होला भन्ने कुरामा आम जनतामा रहेको संसयले चित्तबुझ्दो जवाफ पाएको छैन । निर्वाचन हुने कुराप्रति संसय उठ्नुको कारण मधेस मात्रै होइन, मुलुकका ठूला भनेर चिनिएका राजनीतिक दलहरूका ब्यवहारहरूले पनि सहयोगी भूमिका खेलिरहेका छन । कुनै राजनीतिक दल पनि निर्वाचनको पक्षमा छ भनेर भन्न सकिने अवस्था छैन । सरकार त सरकार, प्रमुख प्रतिपक्ष पनि निर्वाचन हुनुपर्छ भन्ने कुरामा इमान्दार छैन कि भनेर अनुमान गर्न सकिने आधारहरू जनताका आँखामा पर्ने गरी छरपष्ट छन् ।

सत्ताको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका लागि प्रस्तावित निर्वाचनको परिणाम सुखद हुनेछैन भनेर ठोकुवा गर्न हिच्किचाउनु पर्दैन । साँचै मधेसले निर्वाचनमा सहभागिता जनाउने भयो भने माओवादीको राजनीतिक हैसियत तेश्रो नम्बरमा खुम्चने खतरा स्पष्ट देखिन थालेको छ ।

मधेसी राजनीतिक दलहरूमाथि सकभर पार्टी एकीकरण गरेर नभए पनि मिलेर निर्वाचन लड्नुपर्ने नैतिक दवाव मधेसी बुद्धिजीवि र मतदाताको तर्फबाट चुलिदै गएको छ । दवावले काम गऱ्यो भने मधेसी राजनीतिक दलहरू चुनावमा एकठाउँमा उभिन वाध्य हुनेछन र त्यो एकताले उनीहरूलाई एकपटक फेरि गतिलो हैसियत दिलाउने छ । अर्थात तेश्रो राजनीतिक शक्तिको रूपमा मधेस उदाउने सम्भावना प्रबल छ । तेश्रो पोजिसन मधेसका लागि खालि गरिदिन माओवादी केन्द्र वाध्य हुनेछ । माओवादी केन्द्रका लागि सुखद विषय के मात्रै रहने छ भने चौथो स्थानको लागि उसले कसैसँग प्रतिश्पर्धा गर्नुपर्ने छैन । सरकारको नेतृत्व गरेका कारणले निर्वाचन गराउनु वाध्यता भए पनि त्यो उसका लागि घाटाको सौदाबाहेक केही हुनेछैन । त्यसैले निर्वाचन गराइहाल्ने हुटहुटी र जाँगर माओवादी केन्द्रमा नहुनु स्वाभाविक हो ।

प्रमुख प्रतिपक्ष दल पनि समयमैं निर्वाचन होस भन्ने चाहदैंन । सत्ताबाट हटेको दिनदेखि एमालेले प्रदर्शन गर्दै आएको रवैयाले जनताका मनमा त्यस्तो शंका उब्जाएको छ । निर्वाचनको मुख्य अवरोध मधेसको असन्तुष्टि हो । निर्वाचनको ढोका खोल्नको निमित्त कुनै न कुनै विन्दुमा मधेसलाई सहमत गराउनैपर्ने आवश्यकता स्पष्ट देखिदैं आएको छ । मधेसको मुख्य असन्तुष्टि प्रदेश सिमाङ्कन हो ।

सिमाङ्कन हेरफेरमा एमालेको अरूचि रहेको हो भने पनि त्यसलाई मधेस चिढाउने विषय बनाउनु आवश्यक थिएन । तत्काल सिमा हेरफेर हुन नसक्ने परिस्थिति संवैधानिक प्रावधानले उत्पन्न गरेको हो । सिमा हेरफेरमा देखिएको समस्या समाधानको बाटो खोलेर निर्वाचनका निमित्त मधेसलाई सहमत गराउन सकिन्थ्यो । भविष्यमा राजसंस्था फर्काउन र ब्यवस्था उल्ट्याउन समेत सकिने खटप्वाल संविधानमा राखिएको छ भने प्रदेशको सिमाङ्कन हेरफेरलाई भोटे ताल्चा ठोकेर बन्द गर्नुपर्ने जरूरत के थियो र ? मधेसी नेता, विद्वान, बुद्धिजीवि र आम जनताबीचमैं अन्तर्कृया गराएर त्यो मामला सल्टाउन सकिन्थ्यो । एमालेले आफू सत्तानेतृत्वमा रहँदा त्यस्तो प्रयत्न गरेन र प्रतिपक्षमा रहँदा पनि त्यो विषयमा रत्तिभर संवेदनशिलता प्रदर्शन गर्ने रूचि देखाएको छैन । त्यसको अर्थ समयमैं निर्वाचन होस र संविधान कार्यन्वयनले गति लेओस भन्ने सदासय उसले कहिल्यै राखेन भन्नु आग्रह ठहर्छजस्तो लाग्दैन ।

प्रादेशिक सिमा फेरबदल गर्ने कुरामा एमाले मात्रै असहमत रहेको होइन, सत्तापक्षमैं एकमतो थिएन । त्यसमाथि प्रदेशको सिमा तत्काल हेरफेर गर्ने कार्यमा संवैधानिक प्रावधान वाधकको रूपमा रहेको छ भन्ने कुरा सत्तापक्षको जानकारीमा थिएन भन्न मिल्दैन । संविधानतः तत्काल सिमा हेरफेर हुनै सक्तैन वा गर्नै सकिदैन भन्ने यथार्थको जानकारी हुँदा हुदैं पनि मधेससँग तीनबुँदे सहमति गरेर सरकार निर्माणमा मधेसको समर्थन जुटाउने चेष्टामा सत्तापक्षको आसय दुरासय के अन्तर्निहीत थियो भन्ने विषयमा पनि प्रश्न उठ्नु स्वाभाविक हो । संविधान संशोधन हुदैन/ गर्न सकिदैन भन्ने जान्दा जान्दै सिमा हेरफेरको फर्जी प्रस्ताव संसदमा दर्ता कुन उद्देश्यबाट गरियो ? दर्ता गर्नुपूर्व प्रतिपक्षसँग सरसल्लाह किन गरिएन ? सरोकारवाला अर्थात मधेसको सहमति लिने आवश्यकता किन देखिएन ?! संशोधन प्रस्ताव पारित गर्ने गराउने भन्दा सरकारको चेष्टा कसैलाई देखाउने उद्देश्यबाट अभिप्रेरित पो थियो कि भनेर समाजमा प्रश्न उठ्नु स्वाभाविक हो ।

संविधान संशोधनको दोश्रो प्रस्ताव जुन उद्देश्यका लागि अघि सारिएको थियो त्यसैको अर्को कडी वा निरन्तरता तेश्रो होइन भन्न मिल्ने आधार देखिदैन । अर्थात फेरि पनि संविधान संशोधन गरेर मुलुकलाई अन्योलको भूमरबिाट मुक्त गर्नुभन्दा "कोशिस गरेकै हो, सम्भव भएन त के गरोस् ?" भन्ने खालको सहानुभूति जुटाउने उद्देश्य मात्र पो हो कि भनेर समाजले शंका गर्नु पनि अचाक्ली ठहरिदैन । किनकि संविधान संशोधनको तेश्रो प्रस्तावको सन्दर्भमा एमालेका तर्फबाट सार्वजनिक भएको प्रारम्भिक प्रतिक्रियाको आधारमा संशोधनप्रस्ताव पारित हुदैन भनेर सहजै अनुमान गर्न सकिन्छ ।

"घुमिफिरी रूम्जाटार" भनेजस्तो फेरि जनताका मनमा उठेको प्रश्नको सुई घुमेर एमालेतिरै लक्षित हुन्छ । अर्थात सरकारको आसय जेसुकै रहेको होस, एमालेले चाह्यो भने मुलुकले तत्काल निकास पाउँछ । संविधान संशोधन हुन्छ र मुलुकमा निर्वाचनमैत्री वातावरण बन्छ । एमालेले भन्दै आएको सिमामा हेरफेरको "राष्ट्रघाती" प्रस्ताव पनि किनारा लाग्छ । तेश्रो संशोधन प्रस्तावले एमालेको राष्ट्रवादी छविलाई रत्तिभर कलङ्कित बनाउँदैन । तैपनि एमाले नेतृत्व परिस्थिति सङ्ल्याउन किन इच्छुक देखिदैन त भनेर नेपाली समाजले प्रश्न उठाउन थालेको छ । सतहमा हेर्दा "हाहा हुहु" उसैको छ ।

आसन्न निर्वाचनमा जनताका मतहरू एमालेको वाकसबाहेक अन्यत्र झर्दै झर्दैनन कि जस्तो वातावरण देखिन्छ । दन्त्यकथामा आकाशबाट फुरौला बर्सेझैं बर्सने मत समेट्नका लागि आफ्नो पोल्टो थाप्न एमाले किन तयार देखिदैन त भन्ने प्रश्नले दुनियालाई आश्चर्यचकित बनाएको छ । उसको पर्खाइ केका लागि हो ? जति विलम्व गऱ्यो उति जनसमर्थन बढ्छ भन्ने विश्लेषण एमालेको रहेको पो होकि भन्ने अनुमान लगाउन थालिएको छ ।

एमालेलाई "बाहुनको पार्टी" भनेर लाञ्छित गर्न रूचाउनेहरू समाजमा बाक्लै देखिन थालेका छन । मुलुकको सबभन्दा चतुरो समुदाय ब्राह्मणहरूकै हो । अर्थात एमालेको नेतामण्डली यो मुलुकको सबभन्दा चंखे र चतुरेहरूको जमात हो । त्यो जमातले अवश्य समय परिस्थितिको गतिलो मूल्याङ्कन गरेको छ र सम्भावित परिणामबाट त्रसित र भयाक्रान्त बनेको छ भनेर विश्लेषण अनुमान गर्नेहरूको संख्या पनि समाजमा कम देखिदैन ।

एमाले नेतृत्वले बाहिर जति चर्को हल्ला मच्चाए पनि वास्तविक मतपरिणाम आफ्नो प्रतिकूल आउने निष्कर्ष निकालेको छ । पछिल्लो कालखण्डमा आर्जन गरेको "खसवादी राष्ट्रवाद" को चिनारी उसका लागि प्रतिकूल परिणामदायक बन्दै गैरेहको छ । आँखाको पट्टी नखुलेका सिमित जनजाति तथा मधेसी कार्यकर्ताहरूबाहेक खसेत्तर समुदायका आम मतदाताहरू एमालेबाट टाढिँदै गएका छन । क्षत्री, ठकुरी, दशनामीसहित ब्राह्मणहरूको मतसंख्या कूल मतदातासंख्याको ३० प्रतिशत मात्रै हो । त्यसमध्येको आधा सधैं काँग्रेसकै पोल्टा पर्दै आएको परम्परा छ । त्यो परम्परा यसपटक पनि तोडिने सम्भावना अन्यन्त न्यून छ ।

बाँकी रहेको आधामा माओवादी केन्द्र, राप्रपा लगायतका साना दलहरूले चुड्ने मतसंख्याको क्षतिपूर्ति मधेसी तथा जनजाति मतबाट गर्न गाह्रो पर्ने अवस्था छ । त्यसैले दोश्रो संविधान सभाको निर्वाचनमा प्राप्त गरेको मतप्रतिशत जोगाउन सक्ने अवस्था एमालेको अब रहेन । हो, त्यही भयावह परिस्थितिको कारणले निर्वाचनप्रति एमालेमा अरूचि देखिएको हो । एमालेका तिघ्रा काम्ना थाल्नुको कारण त्यही हो भनेर पनि मानिसहरूले विश्लेषण अनुमान गर्न थालेका छन ।

संविधान संशोधनप्रस्ताव तुहिने परम्पराले निरन्तरता पाउने सम्भावना प्रबल छ । मधेस चुनावको विपक्षमा छ । सत्तानेतृत्व गरिरहेको माओवादी केन्द्रमा निर्वाचन गराउने जाँगर छैन । प्रतिपक्ष पनि उत्साहित छैन । तत्कालको निर्वाचनबाट सर्वाधिक लाभ लिनसक्ने स्थितिमा रहेको नेपाली काँग्रेस आफैं कुहिरोको काग बनेको वर्तमान परिस्थतिमा तोकिएको मितिमा निर्वाचन होला भनेर पत्याउन सकिदैन । ■

l6KkOfL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

www.bikalpanews.com
gjljsNk ;fKtfflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
फेसबुकका लागि
https://www.facebook.com/bikalpanews/
ट्वीटरका लागि
https://twitter.com/NawabikalpaWeek

## झोलुङ्गे पुल निर्माण योजना अलपत्र

■ **नवविकल्प**

म्याग्दी र पर्वतको सिमानामा कालीगण्डकी नदीमा निर्माण हुन लागेको झोलुङ्गे पुल अलपत्र परेको छ । बेनी नगरपालिका १ रत्नेचौरको सारेमारे र जलजला गाउँपालिका ७ धाईरीङको लस्ती जोड्ने १८५.५ मिटर लामो झोलुङ्गे पुल अलपत्र परेको हो । पुल बनाउने ठेक्का लिएका निर्माण ब्यवसायी एक वर्षदेखि सर्म्पक बिहीन भएका छन् ।

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगतको ससपेन्सन ब्रिज डिभीजन मार्फत करिब चार वर्षअघि पुल निर्माण सुरू भएको थियो । ब्यवसायीको लापरबाहीका कारण सम्झौता अवधि सकिएपनि पुल निर्माण कार्य सम्पन्न हुन नसकेको डिभीजनका ईञ्जिनियर सागर नेपालले बताउनुभयो ।

पटक-पटक ताकेता गरेपनि अटेर गरेपछि ब्यवसायीलाई कारबाही प्रक्रिया अघि बढाउन सूचना प्रकाशन गरिएको इन्जिनियर नेपालले बताउनुभयो । अधिकारी निर्माण सेवाले ६७ लाख ७७ हजार ७७७ रूपैयामा पुल बनाउने ठेक्का सम्झौता गरेको थियो । ठेक्का प्रतिस्पर्धामा अनुमानीत भन्दा २५ प्रतिशत कम रकम कबोल गरेर सम्झौता गरेको हो ।

वि.स २०७१ असार २६ गते सम्झौता भएको पुल २०७२ असोज २५ मा सम्पन्न गर्ने लक्ष्य थियो । पर्वतको धाईरीङ, नाग्लीवाङ र म्याग्दीको रत्नेचौरका बासिन्दाको सुबिधाका लागि झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो ।

सो पुल निर्माण भएमा एक घण्टाको बाटो पाँच मिनेटमा छोटिने स्थानीय बासीन्दाले बताएका छन् । निर्माण ब्यवसायी र सम्बन्धित निकायमा ढिलाईका बारेमा जानकारी गराएपनी बेवास्ता भएको स्थानीय बासीन्दाको गुनासो छ । हालसम्म करिब पचास प्रतिशत मात्र निर्माण कार्य भएको छ ।

पर्वत तर्फ रहने बल्क तयार भएको छ भने म्याग्दी तर्फको बल्क निर्माण सुरू चरणमा छ । पुलका लागि ल्याइएको लठ्ठा मालढुङ्गा-बेनी सडक छेउमा बेवारीसे अवस्थामा राखिएको छ ।

## म्याग्दी काली एफएमको आठौ वार्षिकोत्सव

■ **नवविकल्प**

म्याग्दीकाली एफ एम ८८.२ मेगाहर्जले शुक्रबार विभिन्न कार्यक्रमको आयोजना गरेर आठौ वार्षिक उत्सव मनाएको छ । म्याग्दी काली सञ्चार सहकारी संस्था अन्तरगत सञ्चालीत एफएमले बेनी नगरपालीका ४ डाँडाखेतको बालमन्दिर आधारभुत विद्यालयलाई आर्थिक सहयोग गरेको छ । गत फागनु २५ गते विद्युत सर्ट भएर आगलागि हुँदा ध्वस्त भएको विद्यालय भवन पुननिर्माणका लागि एफएफले ११ हजार १ सय ११ रूपैयाँ सहयोग गरेको हो ।

संस्थाका कार्यबाहक अध्यक्ष बिजय श्रेष्ठको अध्यक्षता, स्टेशन संयोजक अमित विश्वकर्माको सञ्चालन र कोषाध्यक्ष तथा रेडियो ब्यवस्थापन उपसमिति संयोजक सुवीन श्रेष्ठको स्वागतमा भएको कार्यक्रममा विद्यालयका प्रअ तिर्थ बानिया र ब्यवस्थापन समितिका अध्यक्ष प्रेम बानियालाई रकम हस्तान्तरण गरिएको थियो ।

सोही अवसरमा सिंगाको शुभकामना कृषि सहकारी संस्थाको तर्फबाट सचिव गोविन्द पौडेलले ७ हजार १११ रूपैयाँ विद्यालय पुननिर्माणका लागि उपलब्ध गर्नुभएको थियो । वि.स २०६६ बैशाख १ गतेदेखि प्रशारण सुरू गरेको म्याग्दी काली एफ एमले दैनिक १८ घण्टा सूचना, समाचार, सन्देश र मनोरञ्जनमुलक सामाग्री प्रशारण गर्दै आएको छ ।

रकम हस्तान्तरण कार्यक्रममा बोल्दै प्रअ बानियाले एफएमले समाजको सुख, दुखमा साथ दिएको भन्दै अझै प्रभावकारीता बढाउन र निरन्तरता दिन आग्रह गर्नुभएको थियो ।

हार्दिक बधाई




नेपाल उद्योग वाणिज्य महासंघको काठमाण्डौमा सम्पन्न ५१ औं वार्षिक साधारणसभाबाट यस संस्थाका प्रबन्ध निर्देशक प्रमोद श्रेष्ठ जिल्ला/ नगर तर्फको उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विमलराज रिजाल
कम्पनी सचिव

किशोर सुवेदी
कार्यकारी अध्यक्ष

घलेम्दी हाइड्रो लिमिटेड परिवार
बेनी, म्याग्दी

हार्दिक बधाई




नेपाल घरेलु तथा साना उद्योग महासंघ म्याग्दीका संस्थापक अध्यक्ष एवम् सम्पूर्ण व्यवसायीका धरोहर प्रमोद श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासंघको चैत २९ गते सम्पन्न ५१ औं साधारणसभाबाट जिल्ला/नगरका तर्फबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा लोकप्रिय मतका साथ विजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

लिलाराम गौतम
अध्यक्ष

नेपाल घरेलु तथा साना उद्योग महासंघ, म्याग्दी

हार्दिक बधाई




जिल्लाका सफल युवा व्यवसायी प्रमोद श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासंघको चैत २९ गते सम्पन्न ५१ औ साधारणसभाबाट जिल्ला /नगर तर्फबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा लोकप्रिय मतका साथ विजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

इ. विष्णु रिजाल, इ. कृष्ण रिजाल
डेल्टा इन्जिनियरिङ कन्सल्टेन्सी
बेनी, म्याग्दी

# रुप्से झरना र अन्धगल्छी पर्यटकीय गन्तब्यको रुपमा विकसीत

■ नवविकल्प

अन्नपूर्ण गाउँपालीका ३ दानामा रहेको रूप्से झरना र अन्धगल्छी नयाँ पर्यटकीय गन्तब्यको रूपमा विकसीत भएको छ ।

सडक सुबिधा र पुर्वाधार निर्माणसंगै रूप्से र अन्धगल्छी पर्यटकीय गन्तब्य स्थलको रूपमा विकसीत भएका हुन् । बेनी–जोमसोम सडकको छेउमै पर्ने रूप्से झरनालाई नजिकबाट नियाल्दै पृष्ठभुमिमा पारेर तस्विर खिच्ने हरूको दिनहुँ घुईचो लाग्ने गरेको छ ।

सडकमा गाडी रोकेर रूप्से र संसारकै गहिरो अन्धगल्छी अवलोकन गर्ने पर्यटकहरू त्यहाँको सौन्दर्यताबाट दंग पर्छन् । ७५ मिटर अग्लो छागोबाट खस्ने र त्यसपछि करिब एक किलोमिटर भिरालो पहाडमा नागबेनी भएर बग्ने रूप्से झरना कालीगण्डकीमा मिसीने दोभान भन्दा केही माथि छ हजार ८६७ मिटर संसारकै गहिरो अन्धगल्छी रहेको छ ।

सदाबहार सप्तरङ्गी इन्द्रेणीको लुकामारीसँगै रूप्से झरना र संसारकै गहिरो गल्छीलाई नजिकबाट अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण र धौलागिरि हिमालको बिच भएर बग्ने कालीगण्डकीले गहिरो खोच बनाएको छ । मनमोहक झरना, संसारकै गहिरो गल्छी र वरपरका मनमोहन सौन्दर्यले मोहीत भएको बिराटनगरका टेकबहादुर पौडेलले बताउनुभयो ।

बेनी जोमसोम सडक भएर आवत जावत गर्ने आन्तरीक तथा बाह्य पर्यटकहरूको दैनिकजसो रूप्सेमा भिड लाग्ने गर्छ । सडकदेखि रूप्से झरना र अन्धगल्छीसम्म पुग्ने पदमार्ग, भ्युटावर र विश्रामस्थल निर्माण भएको छ । झरना र गल्छीमा पूर्वाधार निर्माणका लागि हालसम्म विभिन्न निकायले ५० लाख रूपैया भन्दा बढी लगानी गरेका छन् ।

